**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 11.06.2024**

## एसेम्ली सेसन

विधायक श्री सञ्जीत खरेललाई सिक्किम विधानसभाका कार्यवाहक अध्यक्ष नियुक्त गरिएको छ। राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले आज गान्तोकको राजभवनमा उहाँलाई पदको शपथ ग्रहण गराउनु भयो। श्री खरेलले एघारौं सिक्किम विधानसभाको उद्घाटन सत्रको अध्यक्षता गर्नुहुनेछ। उहाँले नवनिर्वाचित विधायकहरूलाई शपथ ग्रहण पनि गराउनु हुनेछ। विधानसभामा उहाँले नामथाङ्ग रातेपानी निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्नुहुनेछ। यसैवीच राज्यपालले राज्य विधानसभाको अधिवेशन भोलि डाक्नुभएकोछ। विधानसभा सचिवालयद्वारा आज जारी अधिसूचनामा यस्तो आशयको जानकारी दिइएको छ।

## क्याविनेट मिटिङ

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले हिजो शपथ ग्रहण समारोहपछि आफ्नो मन्त्रीमण्डलको पहिलो बैठक गर्नुभयो। यसमा राज्यपालसमक्ष विधायक श्री संजीत खरेललाई कार्यवाहक अध्यक्ष नियुक्त गर्ने सिफारिशका साथै याङगाङको मजुवा गाउँका पैह्रो प्रभावित परिवारहरूका लागि अनुग्रह राशि भुक्तान गर्ने घर निर्माण गर्ने निर्णय लिइयो। यसवाहेक बैठकमा सरकारी कर्मचारीहरू र पेन्शन भोगीहरूका लागि महगाई भत्तामा चार प्रतिशत वृद्धिलाई स्वीकृति दिइयो भने सिक्किमको पचासौं राज्य स्थापना वर्षगाँठका लागि भव्य उत्सवको योजना  तयार पारिएको छ। मन्त्रीमण्डलले शिक्षा विभागको कामकाजमा सुधार ल्याउने निश्चय गरेको छ।

## एक्स गभर्नर मिट्स गभर्नर

पूर्व राज्यपाल श्री गंगा प्रसादले आज राजभवनमा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यसित भेट गर्नुभयो। भेटघाटका बेला श्री आचार्यले पूर्व राज्यपाल श्री प्रसादको दीर्घायु र सुस्वास्थ्यको कामना गर्नुभयो। पूर्व राज्यपाल मुख्यमन्त्री श्री प्रेमसिंह तामङ र मन्त्रीमण्डलका सदस्यहरूको हिजो आयोजित शपथ ग्रहण समारोहमा सहभागी बन्न सिक्किम भ्रमणमा आउनु भएको हो।

## कोअपरेड युनियन

सिक्किम सहकारी दूध उत्पादक संघले भनेको छ अविरल वर्षाका कारण दुर्गम क्षेत्रहरूमा यातायात व्यवस्था प्रभावित भएकाले संघसित संलग्न कृषकहरूले नियमित रूपमा दूध जमा गर्न नसकेको हुँदा उपभोक्ताहरूलाई पूर्ण रूपमा दूध आपुर्ति गर्नमा समस्या भइरहेछ। आज जारी एउटा प्रेस विज्ञप्तीमा संघले आगामी एक दुई दिन भित्रमा यो समस्या समाधान गर्नसकिने विश्वास व्यक्त गरेको छ। यहाँहरूलाई थाहै होला वर्षाको कारणले ठाउँ ठाउँमा पैह्रो गएको हुँदा विभिन्न स्थानमा सड़कहरू र धेरै घरहरू  भत्किएका छन्

## अवार्ड

विरष्ठ साहित्यकार दार्जीलिङ निवासी श्री प्रेम प्रधानलाई सत्ताइसौं डा. शोभाकान्ति थेगिम लेप्चा लेप्चा स्मृति पुरस्कार 2024 ले सम्मानित गरिने भएको छ। डा. शोभाकान्ति थेगिम लेप्चा समृति

ट्रस्टद्वारा गठित दुई स्तरीय चयन समितिको सिफारिशको आधारमा यसै महीना तीन तारीकका दिन दिन गान्तोकमा बसेको बैठकमा उहाँको नाऊँ स्वीकृत  गरिएको हो।

आँउदो चार  जुलाईमा गान्तोकमा आयोजित हुने समारोहमा श्री प्रधानलाई पुरस्कृत गरिनेछ।
पुरस्कारको रूपमा पचास हजार एक रूपियाँ नगद राशि ताम्रपत्र  र प्रमाणपत्र  प्रदान गरिनेछ।
श्री प्रेम प्रधानका चिन्ता सल्केको पहाड़, उपन्यास बाहेक अरू दुई उपन्यास प्रयोगको मशीन र उदासीन रूखहरू कथा सङ्ग्रह कालो सर्प र उमेरको घाउ, बाल साहित्य 'हाम्रा केही उपयोगी वनस्पति' र समालोचना केही अध्ययन केही विवेचना प्रकाशित भइसकेका छन्।

नयाँ दिल्लीको साहित्य अकादमी पुरस्कार, सिक्किम सम्मान, लालमान सञ्चरानी पुरस्कार गेजिङ र देहरादुनबाट  भानु पुरस्कार अलंकृत भइसक्नुभएका श्री प्रधान विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थानहरूबाट अभिनन्दित हुनुभएको छ। पुरस्कार अंलकरण समारहोमा हालै नेपालमा आयोजित पोएट आइडल सिजन-2 का विजेता कवि सिभियोन सिकुवा राईलाई अभिन्नदन गरिने कार्यक्रम छ।

## पिएम योगा

एक्काइस जूनमा मनाइने दशौं अन्तर्राष्ट्रिय योग दिवसलाई लिएर देशमा धेरै उत्साह देखिँदैछ।
यस सम्वन्धमा प्रधानमन्त्री श्री नेरन्द्र मोदीले आज सोशल मीडिया पोष्टमा भन्नुभएको छ।  योग एउटा शास्वत अभ्यास हो र यसले एकता र सद्भावका लागि प्रेरणा दिँदछ। योगको विविध संस्कृति र क्षेत्रहरूलाई जोड़ने उल्लेखनीय क्षमताबारे प्रकाश पार्दै उहाँले भन्नु भएको छ योगले समग्र कल्याणको खोजीमा विश्वभरिका लाखौं मानिसहरूलाई एकजुट बनाएको छ। प्रधानमन्त्रीले भन्नुभएको छ सबैजना योगलाई आफ्नो जीवनको अभिन्न अंग बनाउन प्रतिवद्ध हुनुपर्छ र योगलाई जीवनको हिस्सा बनाउनमा अरूलाई पनि प्रोत्साहित गर्नुपर्छ।

## युजीसी बाई एनुअल एडमिशन

विश्वविद्यालय अनुदान आयोग यूजीसीले उच्च  शिक्षण संस्थानहरूलाई अघिल्लो अघिल्लो शैक्षणिक वर्षदेखि सालमा छात्रहरूलाई दुइपल्ट प्रवेशको अनुमति  दिने नीतिगत निर्णय लिएको छ। प्रवेश अब उसो जनवरी फरवरी अनि जुलाई- अगस्तमा खुल्नेछ। वर्तमानमा युजीसीले एक वर्षमा एउटा शैक्षणिक सत्रमा प्रवेशको अनुमति दिन्छ। यूजीसीका अध्यक्ष प्रोफेसर एम जगदीश कुमारले भन्नुभएको छ यसद्वारा ती छात्रहरूलाई अधिक लाभ हुनेछ जसको बोर्ड परिणामको घोषणामा विलम्ब हुनजान्छ वा जो स्वास्थ्य समस्याहरू वा व्यक्तिगत कारण ले प्रवेश लिनबाट चुक्छन्।

## अश्विनी वैष्णव

श्री अश्विनी वैष्णवले आज केन्द्रीय रेल तथा सूचना एवं प्रसारण मन्त्रीको पदभार ग्रहण गर्नुभयो। केन्द्रीय सूचना तथा प्रसारण राज्य मन्त्री डा. एल मुरूगन र सूचना एवं प्रसारण मन्त्रालयका सचिव श्री संजय जाजूले श्री वैष्णवको स्वागत गर्नुभयो। कार्यभार सम्हालेपछि पत्रकारहरूसित कुराकानी गर्दै श्री वैष्णवले भन्नुभयो जनताले एकपल्ट फेरि प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई देशको  सेवा गर्ने आशीर्वाद दिएका छन्। उहाँले भन्नुभयो पछिल्ला दस वर्षमा श्री मोदीले मानिसहरूको जीवनमा ठूलो परिवर्तन ल्याउनुभएको छ। भारतको अर्थव्यवस्था एघारौं स्थानदेखि पाँचौं स्थानमा पुगेको छ।